फोन : ४११३०३३, ४११३००७, ४११३२५८
४११३२३४, ४११३०३५
फ्याक्स : ९७७-१-४११३१८०
इमेल : planstat@tiairport.com.np
वेभ : www.tiairport.com.np
पो.ब.नं. : ७९५०

नेपाल नागरिक उड्डयन प्राधिकरण
त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
गौचर, काठमाडौं ।

Phone : 4113033, 4113007, 4113258
4113234, 4113035
Fax : 977-1-4113180
E-mail : planstat@tiairport.com.np
Website : www.tiairport.com.np
G.P.O. Box No. : 7950

CIVIL AVIATION AUTHORITY OF NEPAL
TRIBHUVAN INTERNATIONAL AIRPORT
CIVIL AVIATION OFFICE
Gaucher, Kathmandu

मिति २०८२/१२/२६

# प्रेस विज्ञप्ति

## त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा Automated External Defibrillator (AED) मेडिकल उपकरण संचालन सम्बन्धी सूचना

विमानस्थल प्रयोगकर्ता वा हवाई यात्रुहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै आकस्मिक अवस्थामा तत्काल प्राथमिक उपचार प्रदान गर्ने उद्देश्यले विमानस्थल परिसरमा Automated External Defibrillator (AED) मेडिकल उपकरण जडान गरिएको जानकारी गराइन्छ। विमानस्थलमा हवाई यात्रु तथा अन्य सेवा प्रयोगकर्तालाई कहिलेकाहीँ अचानक ब्यहोस हुने, श्वास-प्रश्वासमा रोकिने, निसास्सिने वा भुइमा ढल्ने जस्ता गम्भीर स्वास्थ्य समस्या देखा पर्न सक्ने संभावना रहन्छ। यस किसिमका आकस्मिक घटना तथा दुर्घटनाले समयमै उचित उपचार नपाउदा मानिसहरुको ज्यानै समेत जोखिममा पर्न सक्ने अवस्थालाई ध्यानमा राख्दै, Automated External Defibrillator (AED) मेडिकल उपकरण जडान गरिएको हो । कुनै पनि ब्यक्तिको मुटु तथा श्वास-प्रश्वास सम्बन्धी समस्या देखिएका विरामीलाई तत्काल यो मेडिकल उपकरण प्रयोग गरी जीवन रक्षा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस उपकरणको प्रयोगले आकस्मिक रुपमा अस्वस्थ भएका ब्यक्तिलाई प्राथमिक उपचार उपलब्ध गराउन सहज हुने विश्वास लिइएको छ ।

साथै पहिलो चरणमा त्रि.अ.वि.ना.उ.का. सम्बद्ध कर्मचारीहरु तथा मेडिकल युनिट (Health Dest, KMC Hospital, and HAMS Hospital) मा कार्यरत कर्मचारीहरुलाई उक्त मेडिकल उपकरण प्रयोग विधि सम्बन्धी तालीम समेत प्रदान गरिएकोले आपतकालिन अवस्थाको ब्यवस्थापनलाई थप प्रभावकारी बनाउने छ । विमानस्थल ब्यवस्थापनले भविष्यमा पनि यस किसिमका स्वास्थ्य सुरक्षा सम्बन्धी सेवा तथा उपकरणहरुको विस्तार गर्दै जाने योजना रहेको ब्यहोरा जानकारी गराउदछ ।

१२।२६

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल ना.उ.का.
गौचर, काठमाडौ
२०८२/१२/२६